# प्राक्कथन

मार्टिन चौतारीले विगत एक दशकदेखि मिडियाका विविध पक्षबारे छलफल, अनुसन्धान र पुस्तक प्रकाशन कार्य गर्दै आएको छ । चौतारीले नेपाली मिडियाबारे करिब दुई दर्जन पुस्तक प्रकाशन गरिसकेको छ । आफ्नै पहल र अन्य व्यक्ति तथा संस्थासँगको सहकार्यमा चौतारीबाट रेडियोसम्बन्धी अनुसन्धान पनि अगाडि बढिरहेको छ । रेडियोसम्बन्धी पुस्तक निकाल्ने क्रममा पहिलोपल्ट नेपाल प्रेस इन्स्टिच्यूटसँग सहकार्य गरेर *स्थानीय रेडियो : सम्भावना र उपयोगिता* पुस्तक हामीले २०५९ मा प्रकाशन गरेका थियौं । तत्पश्चात नेपालको जेठो रेडियोको इतिहास केलाउने क्रममा *रेडियो नेपालको सामाजिक इतिहास* (२०६१) निस्कियो । यो पुस्तकको प्रकाशनपछि रेडियो श्रवणसँग जोडिएका नागरिकका संस्मरणलाई लिपिवद्ध गर्ने विचारलाई मूर्त रूप दिँदै *रेडियोसँग हुर्कंदा : तीनपुस्ते नेपालीको अनुभव* (२०६२) प्रकाशनमा ल्याइयो ।

त्यसपछि हाम्रो ध्यान नेपालमा लोकप्रिय हुँदै गएको एफएम रेडियोतर्फ मोडियो । फलस्वरूप एफएम रेडियोमा पत्रकारिताको पाटोलाई अनुसन्धानको विषय बनाउँदै *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद* (२०६२) प्रकाशन हुन पुग्यो ।

एफएम रेडियोको अध्ययनलाई प्रवर्द्धन गर्दै जाने क्रममा हामी मार्टिन चौतारी बाहिरका लेखकसम्म पनि पुग्यौं । फलस्वरूप २०६१ माघ १९ पछिको राजाको

शासनकालमा एफएम रेडियोले भोग्नुपरेको हैरानी, राज्यको दमन र रेडियो क्षेत्रले गरेको प्रतिरोधलाई विनोद ढुङ्गेलले *शाही शासनमा स्वतन्त्र रेडियो : दमन र प्रतिरोधको कथा* (२०६४) मा लिपिवद्ध गर्नुभयो । रेडियोसम्बन्धी अध्ययनको यो पुस्तक *स्वतन्त्र रेडियोका एक दशक : विकास, बहस र सामाजिक सरोकार* चाहिँ एफएम रेडियो क्षेत्रमा एक दशकमा भएका विकास, यस अभियानमा देखिएका चुनौती, सामाजिक सरोकारका कार्यक्रम र श्रोता सहभागितामा केन्द्रित छ ।

यो पुस्तकको प्रकाशनलाई सम्भव तुल्याउन विभिन्न व्यक्ति र संस्थाहरूको ठूलो सहयोग रहेको छ । यो पुस्तकमा रेडियोकर्मी र रेडियोको कानूनी, प्राविधिक र सामाजिक पक्ष तथा यसको अन्तर्वस्तु अध्ययन गर्ने व्यक्तिहरूका लेख परेका छन् । यसरी पुस्तकका अध्याय लेख्ने गोपाल गुरागाईं, पवनप्रकाश उप्रेती, माधब कुमार बस्नेत, हरिकला अधिकारी, कृष्णराज सर्वहारी, जेबी विश्वकर्मा, धीरेन्द्र प्रेमर्षि र गुणाकर अर्याललाई हामी धन्यवाद दिन्छौं । यो पुस्तकका दुईओटा लेख–विनय गुरागाईं र प्रत्यूष वन्तका–पुनर्मुद्रण गरिएको छ । तर यस पुस्तकमा प्रकाशन गर्नका लागि विनय गुरागाईंले यसअघि प्रकाशित लेखमा केही परिमार्जन पनि गर्नुभएको छ । त्यसका लागि उहाँलाई धन्यवाद ।

केही लेखको भाषा सम्पादन बद्री खनालले गर्नुभएको हो । हामी उहाँ प्रति पनि कृतज्ञ छौं । यस्तै पुस्तकका केही लेखले अन्तिम आकार लिनुपूर्व तिनको मस्यौदामा दीपा गौतम, सङ्गीता पाण्डे, अनुभव अजित, शेखर पराजुली, हर्षमान महर्जन, रश्मि डङ्गोल, कृष्ण अधिकारी र चिरन मानन्धरले गर्नुभएको टिप्पणीले हामीलाई सम्पादकीय प्रक्रियामा सहयोग पुऱ्याएको थियो । उहाँहरूको सहयोगका लागि हामी आभारी छौं । पुस्तकको अनुक्रमणिका बनाउन हर्षमान महर्जन, प्रभाकर गौतम, रश्मि डङ्गोल, तीर्थ विष्ट, कैलाश राई र राम तिवारीले सहयोग गर्नुभएको हो । उहाँहरू सबैलाई धन्यवाद छ । पुस्तकको ले-आउट तथा कभर डिजाइन गरिदिने किशोर प्रधानप्रति पनि हामी आभारी छौं ।

यो पुस्तकको सम्पादन र प्रकाशनका लागि डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को मानवअधिकार र असल शासन सल्लाह एकाइ (DanidaHUGOU) बाट आर्थिक सहयोग प्राप्त भएको हो । उक्त संस्था, त्यहाँका उप-कार्यक्रम संयोजक मुरारि शिवाकोटी तथा मिडिया सल्लाहकार विनय धितालालाई धन्यवाद छ । यस्तै पुस्तकका विभिन्न चरणमा प्राप्त सहयोगका लागि चौतारीका अरू सबै साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छौं ।

**सम्पादकहरू**